प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

फोन नं. ०५५-५४०२१०

# डिभिजन वन कार्यालय रौतहट

पत्र संख्याः-
चलानी नं.:-

जातको रुख काटी ढाली टुनटुक्रा पारी साईकलमा लोड गरी बन्ठीघाटको बाटो भएर पुर्वतिर गएको साईकलको लिख पछ्याउदै जाँदा बाग्मती नदिको घाट हुदै सर्लाही तर्फ साईकलमा काठ लगिरहेको देखीं हामी वन कर्मचारीहरु नजिक पुगेर काठ चोरलाई पक्राउ गर्न खोज्दा काठ चोर तस्करहरुले वन कर्मचारी आएको थाहा पाई भागी फरार भएको र सो घटनास्थलबाट साईकल थान-४ मा लोड भएको साल जातको गोलिया थान ४ को २४.०४ क्यू.फिट् काठ सहित बरामद गरी उक्त काठ र साईकल बलरी वन पोष्टको कम्पाउण्ड भित्र ल्याई सुरक्षित राखी उक्त काठ काटेर ल्याएको स्थान पत्ता लगाउने क्रममा उपरोक्त चारकिल्ला भित्रको जंगलमा ६४" नापसाईज भएको साल जातको रुख १ काटेको र सोहीबाट टुन टुक्रा पारी लगेको देखएिको साथै सोही ठुटाको वरिपरि ६१" र ५३" नापसाईज भएको सालको अन्य २ वटा रुख १५/२० दिन पहिले काटेर लगेको नोक्सान भएको ठुटा समेत फेला परेको देखिएकोले बरामद भएको साईकल सहितको काठहरु जिल्ला रौतहट वृन्दावन न.पा. १ चाँदी खोला दक्षिण बस्ने महिन्दर बैठाको छोरा अं. वर्ष ३२ को रामलाल बैठा-१, ऐ.ऐ बस्ने शिवपुजन कहारको छोरा कान्छा कहार भन्ने-१, ऐ.ऐ.बस्ने भोटैला भन्ने बैजनाथ बैठाको छोरा अं. वर्ष ३५ को हुलास बैठा-१ र ऐ.ऐ.बस्ने राम प्रसाद पटेलको छोरा वर्ष ३४ को श्यामबाबु पटेल-१ र ऐ.ऐ. बस्ने सुखल पटेलको छोरा अं. वर्ष ४५ को रामप्रवेश पटेल-१ समेतका मानिसहरु उक्त कार्यमा संलग्न रहेको बुझिएको हुँदा सो समेतको व्यहोरा उल्लेख गरी आवश्यक कार्यवाहीको लागी यो प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ भनी स.व.अ.श्री सोनफी पासवान समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज स.व.अ.लाई नै खटाईएको ।

- मिति २०७८/२/२४ गते राती ११:३५ बजेको समयमा वन कर्मचारीहरु गस्तीको क्रममा जिल्ला रौतहट गुजरा न.पा. हरिहरपुर टोल बस्ने ज्ञान बहादुर थिङ्गको छोरा अन्दाजी वर्ष २२ को रोशन लामा थिङ्गले काठ बोक्ने होण्डा साईकल बनाई राखेको अबस्थामा गुजरा न.पा. २ को कटानी चौकमा भेटिएको र निजसंग सोधपुछ गर्दा पुर्व : ३ नं. बाटो, पश्चिम : २ नं. बाटो, उत्तर : इन्द्र बहादुर बलको घर र दक्षिण : साईला थिङ्गको घर यति चारकिल्ला भित्र विरमान स्याङतानको मकैबारीमा ५४"X५' नापसाईज भएको साल जातको गोलिया थान १ को ६.३२ क्यू.फिट काठ प्रतिवादी रोशन लामा थिङ्गले लुकाई छिपाई राखेको अवस्थामा साल गोलिया थान- १ र साईकल थान-१ सहित बरामद गरी आवश्यक कारवाहीको लागी पेश गरेका छौं भनी अधिकृत श्री राजेश कुमार साह समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान गरी माथि उल्लेखित पक्राउमा परेका व्यक्ति उपर वन ऐन २०७६ बमोजिम कारवाही गर्न निज अधिकृतलाई नै खटाइएको ।
- पौराई सब-डिभिजन वन कार्यालयका वन कर्मचारीहरु र पौराई प्रहरी चौकी बाग्मतीका प्रहरी कर्मचारीहरुले विशेष सुराकीको आधारमा मिति २०७८/२/२४ गते अन्दाजी बिहान १०:३० बजेको समयमा टुरगस्ती गर्दै जाँदा नुनथर धार्मिक वनको माथि उत्तर पुर्व : सिन्धुलीको सिमाना, पश्चिम : प्रगतिशिल सा.व.उ.स.र उत्तर दक्षिण : बाग्मती नदीको बहाव यति चार किल्ला भित्र बालुवाले छोपेर राखेको अवस्थामा बाग्मती नदीको किनारमा बेवारिसे अवस्थामा